# सूर्योदय नगरपालिकाको लम्पी स्कीन डिजीज रोकथाम, नियन्त्रण र राहत सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०९।१३ गते

**प्रस्तावना :** लम्पी स्कीन डिजीजलाई प्रभावकारी रुपमा नियन्त्रण रोकथाम र कृषकहरुमा परेको पशुचौपायाको हानी नोक्सानीलाई मध्यनजर राखी राहत सेवा संचालन गर्न वान्छनिय भएकोले,

सूर्योदय नगरपालिकाको आ.व.२०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजन ऐनमा व्यवस्था भएको बजेट परिधी भित्र आधारित रही स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको लम्पी स्कीन डिजीज रोकथाम, नियन्त्रण र राहत सम्बन्धी कार्यविधि, २०८०** हुनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “कार्यालय” भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) “नगर कार्यपालिका” भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

घ) "उप प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "शाखा" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गत पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

छ) "विषयगत समिति" नगर कार्यपालिकाको आर्थिक विकास समिति सम्झनु पर्छ ।

ज) "मूल्याङ्कन तथा सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ६ को समिति सम्झनु पर्छ ।

झ) "निर्देशन समिति" भन्नाले यस कार्यविधिको दफा ८ को समिति सम्झनुपर्छ ।

ञ) “आर्थिक प्रशासन शाखा” भन्नाले सूर्योदय नगरपालिकाको आर्थिक प्रशासन शाखा सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

**३. कार्यक्रमको उदेश्य:** देशभर फैलिएको लम्पी स्किन डिजिजले यस नगर क्षेत्रभित्र गाईपालन गर्ने किसानहरुको मृत्यु भएको पशुचौपायको क्षतिलाई न्यूनिकरण गर्न केही राहत उपलब्ध गराउने तथा यस रोगको भावी संक्रमणलाई कम गर्न प्रभावकारी र नतिजामूखी नियन्त्रण रोकथाम र उपचारको लागि संघीय तथा प्रादेशिक सरकार साथै सरोकारवाला निकायहरुसँग समेत समन्वय र सहकार्य गर्ने यस कार्यक्रमको मूख्य उदेश्य रहेको छ ।

## परिच्छेद ३
## लम्पी स्कीन डिजीजको रोकथाम तथा नियन्त्रण

**४.** नगरक्षेत्रभित्र फैलिएको लम्पी स्कीन डिजीजलाई रोकथाम तथा नियन्त्रण गर्न स्वीकृत बजेट तथा कार्यक्रमबाट खर्च हुने गरी सञ्चालन गरिने कार्यक्रमहरू:

(१) सचेतना तथा तालिम कार्यक्रम: नगर क्षेत्रभित्रका पशुचौपायमा लम्पी स्कीन डिजीज विरुद्धको सचेतना तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ । जसका लागि सूचना प्रकाशन र प्रसारण गरी कृषकहरूको भेलामा विज्ञहरूद्वारा जानकारीमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सोही कार्यक्रममा पशु चौपायको बिमा गराउन कृषकहरूलाई उत्प्रेरित गराइनेछ ।

(२) खोप कार्यक्रम : नगर क्षेत्रभित्रका पशुचौपायमा लम्पी स्कीन डिजीज विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ । जसको लागि देहाय बमोजिमका कार्य गरिनेछ :

(क) लम्पी स्कीन रोग विरुद्धको आवश्यक मात्रामा खोप खरिद गरिने छ ।

(ख) खोप संचालनको लागि आवश्यक लजेष्टिक तथा अन्य आवश्यक सामाग्रीहरु खरिद गरिने छ ।

(ग) लम्पी स्कीन डिजीज बाट पशुचौपायाहरुलाई सुरक्षित राख्न तथा उक्त रोगको रोकथामको लागि निःशुल्क सघन खोप कार्यक्रम संचालन गरिनेछ ।

(घ) कृषकहरुलाई खोप कार्ड उपलब्ध गराइने छ ।

(ङ) खोप कार्यक्रममा प्रत्यक्ष सहभागी भई कृषकहरुको घर गोठमा गई पशु चौपायाहरुलाई खोप लगाए वापत निजी तथा सरकारी प्राविधिकहरुलाई प्रति पशु रु. ४०(चालिस) का दरले पारिश्रमिक दिइने छ । भुक्तानी गरिने पारिश्रमिक बाट नियमानुसार कर कट्टा गरी एकमुष्ट उपलब्ध गराइने छ ।

## परिच्छेद ४
## राहत रकम र समितिहरू

**५. राहत रकम:** (१) लम्पी स्कीन डिजीजबाट मृत्यू भएका पशुचौपायको हकमा सम्बन्धित कृषकहरुलाई प्रति पशुचौपाय देहाय बमोजिमको राहत रकम उपलब्ध गराइनेछ ।

क) माउ गाई : रु. २०,०००।– (अक्षरेपी बीस हजार मात्र)

ख) कोरली : रु. १०,०००।– (अक्षरेपी दश हजार मात्र)

ग) गोरु : रु. ५,०००।– (अक्षरेपी पाँच हजार मात्र)

(२) राहत रकम वितरणको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि लम्पी स्कीन डिजीजबाट पशुचौपायको मृत्यू भएको र सो वापतको विमा कम्पनीबाट क्षतिपूर्ती भुक्तानी पाइसकेका कृषकहरूलाई कुनै किसिमको राहत उपलब्ध गराइने छैन ।

६. **छनौट मुल्याङ्कन तथा सिफारिस समिति:** (१) लम्पी स्कीन डिजीज प्रभावित किसानहरू छनौट, मूल्याङ्कन तथा सिफारिस गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) आर्थिक विकास समिति संयोजक – संयोजक

(ख) कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य – सदस्य

(ग) पशु सेवा शाखा प्रमुख – सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा जुनसुकै समयमा विज्ञ तथा पशु प्राविधिकहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

७. **छनौट, मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार :** छनौट, मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :

(क) वडाबाट प्राप्त भएको पशु चौपायको विवरणको सत्य तथ्य छानविन गर्ने र विवरण तयार गर्ने ।

(ख) लम्पी स्किन डिजिजको सम्भावित संक्रमणलाई नियन्त्रण तथा रोकथाम गर्न, खोप कार्यक्रम संचालनको लागि कार्ययोजना बनाउने ।

(ग) किसानहरुको पशु चौपायको क्षतिको मुल्याङ्कन गर्ने ।

(घ) कार्यपालिकाले तोके बमोजिम अन्य कार्य गर्ने ।

८. **निर्देशन समिति :** लम्पी स्कीन डिजीज प्रभावित किसानहरू छनौट, मूल्याङ्कन तथा सिफारिस गर्न बनेको छनौट, मूल्याङ्कन तथा सिफारिस समितिलाई आवश्यक निर्देशन र समन्वय गर्ने देहाय बमोजिमको निर्देशन समिति रहनेछ:

(क) नगर प्रमुख : संयोजक

(ख) नगर उप प्रमुख : सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

## परिच्छेद ५

## लाभग्राही छनौट मापदण्ड तथा राहत वितरण प्रक्रिया

९. **लाभग्राही छनौट प्रक्रिया :** लम्पी स्कीन डिजिजबाट प्रभावित भइ राहत पाउने लाभग्राहीको छनौट देहाय बमोजिम गरिनेछ :

क) कार्यविधि स्वीकृत भएको एक महिना भित्र शाखाले निश्चित समयावधि निर्धारण गरी सूचना प्रकाशन गरेर लम्पि स्कीन डिजीजबाट पशु चौपायको मृत्यू भएका किसानहरुको निवेदन वडा कार्यालयहरूमार्फत संकलन गर्नेछ ।

ख) वडा कार्यालयहरूले संकलन गरेको निवेदन उपर वडा समितिले वैठक बसी प्रारम्भिक छानविन पश्चात् वास्तविक राहत पाउनुपर्ने किसानको विवरण सिफारिस गरी सम्पूर्ण कागजात सहित शाखामा उपलब्ध गराउनु पर्नेछ । छानविन गर्दा मृत्यू भएको पशुचौपाय वडा क्षेत्रभित्रको हो/होइन, मृत्यू भएको पशुचौपाय लम्पी स्कीन डिजीजको कारण मृत्यू भएको हो/होइन जस्ता विषयलाई आधार बनाउनु पर्नेछ । सोको लागि आवश्यक ठानेमा छनौट, मूल्याङ्कन तथा सिफारिस समिति र निर्देशन समितिले आवश्यक निर्देशन समेत दिन सक्नेछ ।

ग) छनौट, मूल्याङ्कन तथा सिफारिस समितिले प्राप्त भएका निवेदन उपर थप छानविन गर्नेछ । छानविन गर्दा मृत्यू भएको पशुचौपाय नगर क्षेत्रभित्रको हो/होइन, मृत्यू भएको पशुचौपाय लम्पी स्कीन डिजीजको कारण मृत्यू भएको हो/होइन जस्ता विषयलाई आधार बनाउनु पर्नेछ । सोको लागि आवश्यक ठानेमा निर्देशन समितिले आवश्यक निर्देशन समेत दिन सक्नेछ ।

घ) छानविन पश्चात् छनौट, मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसमा कार्यालयले दावि बिरोधका लागि कम्तीमा पन्ध्र दिनको समयावधि तोकि वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

ङ) छनौट, मूल्याङ्कन तथा सिफारिस समितिले दावि विरोधको सूचनाको समयावधि समाप्त भएपश्चात् प्राप्त भएका दावी विरोध उपर समेत आवश्यक छानविन गरी लाभग्राहीको यथार्थ विवरण स्वीकृतिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

च) छनौट, मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस गरेको लाभग्राहीको सूचीमा आवश्यक छलफल गरी नगर कार्यपालिकाले लाभग्राहीको सूची स्वीकृत गर्नेछ ।

**१०. भुक्तानी सम्बन्धी व्यवस्था :** नगर कार्यपालिकाबाट लाभग्राहीको विवरण स्वीकृत भएपश्चात् लाभग्राहीलाई देहाय बमोजिमको प्रक्रिया पूरा गरी भुक्तानी गरिनेछ :

(क) नगर कार्यपालिकाबाट स्वीकृत भएको लाभग्राहीको नामावली सार्वजनिक गरिनेछ ।

(ख) सम्बन्धित शाखाले सूचना प्रकाशन गरी भुक्तानीको लागि आवश्यक पर्ने विवरण सहितको निवेदन संकलन गर्नेछ । सो निवेदनका साथ देहायका कागजातहरू समावेश गर्नुपर्नेछ :

(१) निवेदन

(२) नागरिकताको प्रतिलिपि

(३) वैंकखाता प्रमाणित हुने गरी सम्बन्धित किसानको बैंक खाताको चेकबुकको प्रतिलिपि

(ग) प्राप्त भएका निवेदनहरूको विवरण रुजु गरी सम्बन्धित शाखाले भुक्तानीको लागि नगरपालिकाको आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि सिफारिस गर्नेछ ।

(घ) आर्थिक प्रशासन शाखाले नियमानुसार सोझै वैंक खातामा भुक्तानी हुने गरी राहत रकम भुक्तानी गर्नेछ ।

## परिच्छेद ६

## अन्य

**११. झुठा विवरण पेश गर्न नहुने :** यस कार्यविधि बमोजिम राहत पाउन कुनै पनि कृषकले झुठा विवरण पेश गरी राहत पाएको प्रमाणित भएमा सो किसानबाट राहत पाएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१२. संशोधन :** यस कार्यविधिलाई समय सापेक्ष कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउन सक्ने :** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।